जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक २०९ २०७६ साल चैत ८ गते शनिबार (21 Mar. 2020 Saturday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : रेल मार्गले सकारात्मक ... ३ पृष्ठमा : इटालीमा मृत्यु हुनेको संख्या ... ३ पृष्ठमा : निर्भयाका संलग्न चौर ...

# चैत ९ देखी अत्यावश्यक सेवा बाहेक सबै बन्द, १० देखी लामो दुरीको सवारी संचालनमा रोक

**दैनिक समाचारदाता**
**काठमाडौं, ७ चैत ।**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणको नियन्त्रण र रोकथामका लागि सरकारले चैत ९ देखि २१ गतेसम्म अत्यावश्यक सेवा प्रदान गर्नेबाहेक सबै सेवाहरू बन्द गर्न आग्रह गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार देशबासीलाई सम्बोधन गर्दै संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक, सामुदायिक र निजी संस्थाबाट प्रदान गरिने अत्यावश्यक बाहेक सबै सेवा बन्द गर्न आग्रह गरेका हुन् ।

देशैभर संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक, सामुदायिक तथा निजी सेवा प्रदायक संस्थाहरूबाट प्रदान गरिने नेपाल राजपत्रमा प्रकाशन गरिए अनुसारका अत्यावश्यक सेवा ( विमानस्थल, सञ्चार, (टेलिफोन), पेट्रोलियम, फोहोरमैला व्यवस्थापन, स्वास्थ्य सेवा, आदि) बाहेकका अन्य सबै सेवाहरु आगामी चैत ९ गतेदेखि चैत २१ गतेसम्म बन्द गरिएको हो ।

त्यस्तै सरकारले चैत ९ देखि १८ गतेसम्म सबै अन्तर्राष्ट्रिय हवाई उडान स्थगित गरेको छ भने चैत १० गतेदेखि लामो दुरीका सार्वजनिक सवारी साधन सञ्चालनमा रोक समेत लगाइएको जनाइएको छ ।

प्रधानमन्त्री ओलीले सम्बोधन गर्दै निजी क्षेत्रका सेवासँग सम्बन्धित कर्मचारी र सेवा प्रदायकले कर्मचारीलाई घरबाटै सेवा प्रदान गर्ने व्यवस्था मिलाउन आग्रह गर्दै सरकारी कर्मचारी र अत्यावश्यक सेवाका कर्मचारीले भने कार्यालयमै उपस्थित भएर सेवा दिने पनि बताए ।

त्यस्तै सरकारले सीमा नाकाबाट आउनेहरुको अनिवार्य स्वास्थ्य जाँचको व्यवस्था गरेको प्रधानमन्त्री ओलीले जानकारी दिए ।

यसअघि सरकारले चैत मसान्तसम्म सम्पूर्ण विद्यालय र कलेज बन्द गर्ने निर्णय गर्नुका साथै सिनेमा हल, मल, नाइट क्लब, डान्स बार लगायतका बन्द गर्न निर्देशन दिएको थियो । त्यस्तै अतिआवश्यक काम बाहेक अरु समयमा घरबाट बाहिर ननिस्कन समेत आग्रह गरेको छ ।

त्यस्तै सरकारले २५ भन्दा बढी मानिसहरुको जमघट नगर्न तथा कोरोना भाइरसको संक्रमणबाट बच्न अनिवार्य रुपमा मास्क लगाउन र साबुन पानीले हातधुन जनतासमक्ष आग्रह गरेको छ ।

यस्तै सीमानाकाबाट आवागमन गर्ने यात्रुको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखी संक्रमणबाट जोगाउन अनिवार्य स्वास्थ्य जाँचको व्यवस्थासहित आवागमनको व्यवस्था मिलाइने छ । यस सम्बन्धमा छिमेकी मित्रराष्ट्रहरुसंग आवश्यक समन्वय गरिने जनाइएको छ ।

# कोरोनाको त्रासका कारण खाद्यान्न भण्डारण गर्ने होडबाजी



**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

कोरोना भाइरसको त्रासका बीचमा सप्तरीमा खाद्यबस्तुका साथै पेट्रोलियम पदार्थ तथा खाना पकाउने ग्यासको भण्डारण गर्ने उपभोक्ताबीच होडबाजी चलेको छ ।

उपभोक्ताहरुले भाईरसको त्रासका कारण सामानहरुको अभाव हुने तथा मुल्य वृद्धि हुने डरका कारण सामानहरुको भण्डारण गर्ने होडबाजी चलेको हो ।

विभिन्न पसलहरुमा अहिले सामानहरुको खरीद गर्ने भिड लागेको देखिन्छ भने ग्यासको पसलमा २/३ वटा ग्यास सिलिन्डर लिएर आउनेहरुको समेत उत्तिकै भिड देखिन्छन् ।

कोरोना त्रासका कारण नगरभित्रका केही किराना पसल बन्द रहने तथा खुलेका पसलमा उपभोक्ताको भिड लाग्ने गरेको र

*बाँकी अन्तिम पृष्ठमा*







देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
CITY EXPRESS
IME International Money Express
IME pay wallet
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

### सतर्कता अपनाउनु आवश्यक

विश्वव्यापी रुपमा फैलिदै गएको कोरोना भाइरसको संक्रमणका कारण विश्व अहिले त्रासमा रहेको छ । विश्वका प्राय सम्पूर्ण मुलुक यस भाइरसको संक्रमणबाट त्रसित छन् । यता नेपालमा हाल यस भाइरसको संक्रमित एउटा पनि व्यक्ति फेला नपरेपनि यसको नियन्त्रण र रोकथामका लागि सरकार लागि परेको छ । सरकारले कोरोनाको संक्रमणबाट जोगाउन सम्पूर्ण जनतालाई सतर्कता अपनाउन आग्रह समेत गरेको छ । यसका लागि सरकारले चैत ९ गतेदेखी अति आवश्यक सेवा बाहेक सम्पूर्ण सेवा बन्द गर्न आमजनतासमक्ष आग्रह गरेको छ ।

यो भाइरसका कारण हालसम्म विश्वभर १० हजार बढी व्यक्तिले ज्यान गुमाउनु परेको छ भने लाखौं व्यक्ति यस भाइरसबाट संक्रमित भएका छन् । यता कोरोना भाइरसको त्रासकाबीच अहिले बजारमा विभिन्न खाद्यानहरुको मुल्य अकाशिएको छ भने विभिन्न सामाग्रिहरुको हाहाकार भएको छ भने कालाबजारी गर्नेहरुको रजाई समेत भएको छ । यस्ता कुराहरुको स्थानिय सरकारले निगरानी बढाउनु पर्ने आवश्यकता रहेको छ भने आमजनताले समेत सचेतनाका साथ सतर्कता समेत अपनाउनु पर्ने आवश्यकता रहेको छ ।

यस भाइरसको संक्रमणबाट बच्न मुखमा मास्क लगाउने, कसैसँग हात नमिलाउने तथा प्रत्येक आधा घण्टामा साबुन पानीले हात धुने बानी बसाल्नु पर्ने हुन्छ भने कम्तिको एक मिटरको दुरीमा कसैसँग कुरा गर्न सकेमा जोगिन सकिन्छ । यस्तै भिडभाड भएको स्थानमा नजाने तथा रुघाखोकी, १ सय ४ डिग्री ज्वरो आएमा वा टाउँको दुखेकेमा तुरुन्त स्वास्थ्य शाखामा गएर चिकित्सकको सल्लाह लिनु पर्नेहुन्छ । तसर्थ यस महामारीबाट आफू जोगिन र अरुलाई जोगाउन सबैले स्वास्थ्य सतर्कता अपाउनु पर्ने अहिलको आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# डराउनु पर्दैन हामी सुरक्षित छौं सावधानी अपनाऔं



**अमरनाथ मण्डल**

नेपाल र नेपालीको आराध्य देव पशुपतिनाथको आर्शिवादले अहिलेसम्म हामी नेपाली बीच एक जनापनि कोरोना भाइरसबाट संक्रमण नभएको देखिएको छ । काठमाडौं स्थित सरुवा रोग नियन्त्रण अस्पतालमा देशको विभिन्न जिल्लाबाट शंकास्पद रोगीहरुको रगत परिक्षण गर्दा शुक्रबारसम्म सबै रगत परिक्षणमा कोरोना भाइरसको संक्रमण नदेखिएको सुभ संकेत रहेको छ । विश्व कोरोना भाइरसको महामारीको चपेटमा रहेको सन्दर्भमा चिन र भारतको बिचमा हामी नेपालीहरुमा अहिले सम्म आजको मितिसम्म सुरक्षित छौ ।

मनलाई शान्त पारी नडराई सावधानीपूर्वक सचेत नागरिकको परिचय दिई कोरोना भाइरसको संक्रमणबाट बच्नको लागि भिडभाडमा नजाऊ साथै नियमित रुपमा सफासुघरको बानी बसाली साबुन पानीले हात धोऔं, नियमित मास्क लगाऔं, रुघाखोकी तथा ज्वरो जस्ता लक्षणहरु आउने बितिकै स्वास्थ्यकर्मीसँग सल्लाह गरी औषधीको सेवन गरौ, घर, नगर, गाउँहरुमा सरसफाईको अभियान चलाऔं लगायतको सावधानीहरु अपनाए पछि हामी सुरक्षित अवस्थामा पुग्ने सक्नेछौ । विश्वको मानचित्रमा हेर्दा खेरी हरेक विकाशील देशहरमा साधन सुविधाले परिपूरक रहेको अवस्थामा पनि संक्रमणबाट कोरोना भाइरसलाई रोक्न नसकेको उदाहरणहरु हामी सञ्चार माध्यमहरुबाट थाहा पाइरहेका छौं । तसर्थ हामी स्वभावशाली रहेको सन्दर्भमा अहिलेसम्म हाम्रो देशमा संक्रमणको प्रकोप नदेखिएको छ भने नदेखिएको अवस्थामा असावधानी रहनु, हेलचक्रायाई गर्नु लगायतका घातक विचारहरुलाई विसर्जन गरी हामी सचेत नागरिकको रुपमा हामी मात्रै होइन अरुलाईपनि सचेत र सावधानी अपनाउनु एउटा अभियानको रुपमा संचालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

स्थानीय सरकार,प्रदेश सरकारहरुले पनि नेपाल सरकारको मुख हेरी बस्नु पर्ने अवस्था नरहेको सन्दर्भमा साधन श्रोत लगायत अन्य रोकथामको विधिहरुलाई प्रचारमुखी बनाई जनमानस समक्ष जनचेतनाको अभियानलाई तिब्रतामा परिणत गर्नुपर्छ । यसै सन्दर्भमा सप्तरी जिल्लाका नगरपालिका/गाउँपालिका हाता भित्र उडिरहेका धुलाहरुलाई तथा बिहानपख सरसफाईमा खटिएका कर्मचारीहरुलाई अझै व्यवस्थित र सरसफाई अभियानमुखी बनाउनुपर्छ । नगरपालिका तथा गाउँपालिकाहरुले सरसफाई लगायत जनचेतनामूलक अभियानहरुलाई सक्रियताको साथ अगाडि बढाउनुपर्ने देखिएको सन्दर्भमा जति सक्रियता अभियान नगरपालिका र गाउँपालिकामा हुनुपर्छ, त्यति सक्रियताकोअभियान संचालन हुन कमिकमजोरी देखिरहेको अवस्थामा स्थानीय जनप्रतिनिधिहरुले नेपाल सरकारको अभियानहरु जस्तै आफुहरुलाई मत दिई जनप्रतिनिधि बनाएको जनताहरुलाई यस्ता महामारीहरुबाट बच्न तथा बचाउनका लागि नैतिकताको रुपमा सक्रियताको साथ पइलाहरु चाल्नु पर्ने अवस्थाको सिर्जना गर्नुपर्छ ।

त्यस्तै कोरोना भाइरसको हल्लाले विभिन्न किसिमका दैनिक उपभोग वस्तुहरुको अभाव हुन नदिन तथा सर्वसधारणहरुलाई सहज र सरल तरिकाबाट आवश्यक दैनिक उपभोगका वस्तुहरु उचित मूल्यमा सहज तरिकाबाट उपलब्ध गराउन अनुगमन र निरिक्षण गर्नेहरुको टोलीहरु बनाई दैनिक रुपमा अनुगमण र निरिक्षण गर्नुपर्ने टिमहरु नगरपालिका तथा गाउँपालिकाहरुले अभिलम्ब गठन गरी कार्यदिशा तिर उन्मुख गर्नुपर्ने छ । त्यस्तै अस्पताल, स्वास्थ्य चौकीहरु, स्वास्थ्य उपचौकीहरु, जिल्लामा रहेका प्राविधिक टोलीहरुलाई चुस्तदुरुस्त तथा सक्रिय रुपमा जुनसुकै बेला यस्ता भाइरसका जोखिमबाट रोकथामको लागि सक्रिय भूमिका खेल्नु पर्ने अवस्थाको सिर्जना गर्नुपर्छ । नेपाल मात्र होइन हाम्रा छिमेकी राष्ट्र भारतमा देखाइरहेका रोकथामहरुको सक्रियताहरुलाई अनुसरण गरी अहिले नगरपालिका, गाउँपालिका, प्रदेश सरकारहरुले विकाशीय बजेटहरुमा छुट्याइएका रकमहरुलाई रोकथाम तथा सचेतना, सरसफाई लगायत अस्पताल र स्वास्थ्य प्राविधिकहरुको टोलीमा खर्च गर्नुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ ।

सामाजिक सञ्जालहरुमा हल्ला फैलाई केही बिचौलिया तथा कालाबजारी गर्नेहरुले रजाई गर्न खोजेको भ्रमहरुलाई सहज रुपमा बुझी आधिकारिक रुपमा मात्र नेपाल सरकारले गरेको सूचनाहरुलाई आधार मानी समाजमा जनचेतना जगाउनु पर्ने देखिन्छ । औषधि पसलहरुमा आवश्यक औषधीहरुको व्यवस्था मिलाउनका लागि औषधि पसलेहरुलाई नगरपालिका/गाउँपालिका तथा स्थानीय प्रशासनले आवश्यक निर्देशन दिनुपर्छ । त्यस्तै मास्कको कालाबजारीलाई रोकथाम गरी सहज रुपमा सरकारी तथा गैर सरकारी संस्थाहरुले ग्रामिण स्तरहरुमा पनि मास्क लगाउनु पर्ने जनचेतना फैलाई सर्वसाधारणहरुलाई अभियानको रुपमा गैरसरकारी संघ संस्थाहरुले मास्क वितरण गर्नुपर्ने दायित्व र कर्तव्यको शंकटकालमा निर्वाह गर्नुपर्छ । त्यस्तै चिकित्सा क्षेत्रमा संलग्न रहेका चिकित्सकहरुले नियमित अस्पतालहरुमा सेवा दिई क्लिनिकमुखी नबनिदिन हुन स्थानीय जनप्रतिनिधिहरुले पहल संचालन गर्नुपर्छ ।

अहिले चिया पसल, पान पसल तथा बजारका अधिकांश खाजा पसलहरुमा अव्यवस्थितपनलाई व्यवस्थित तुल्याई स्वच्छ र ताजा खाना र खाजाहरु बिक्री वितरण गरिदिन हुन अनुरोध गर्दै नियमित रुपमा खाद्यपदार्थहरुको अनुगमण र निरिक्षणलाई तिब्रताको साथ सक्रिय रुपमा बढाउनुपर्ने सम्बन्धित निकायहरुले आवश्यक पहलको संचालन गर्नुपर्छ । एक व्यक्ति, एक सचेत आवधारणको साथ कोरोना भाइरसको बारेमा एक व्यक्तिले अर्का व्यक्तिलाई साकारात्मक सन्देश दिई सरसफाई चेतनामूलक कार्यहरु तथा कोरोना भाइरसको जोखिमबाट कसरी बच्ने जस्ता उपायहरु एकअर्का बीचमा साटो पाटो गर्न अवस्थाको सिर्जना गर्नुपर्छ । यातायात साधनहरुमा भिड नलगाउन, सिट भएका मात्र यात्रुहरुलाई सिटभन्दा बढि यात्रु ओसारपोसार नगर्न, नगर तथा जिल्लामा रहेका ट्राफिक टोलीहरुले सक्रिय भूमिका खेल्नुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ ।

कोरोना भाइरसको महामारीबाट बच्न र बचाउनकालागि आफुबाट नै सचेतनाको अभियानलाई सुरुवात गरी जनमानसमा सचेत भावनाको मनसायलाई तदरुपताको साथ एक अर्काको सहयोग भावना राखी स्वार्दपूर्ण वातावरणको निर्माण गरी संकटको बेला मानविय सभ्यताको परिचय दिई हामी अहिलेसम्म प्रवेश नगरेका नेपालमा कोरोना भाइरसलाई सधैका लागि प्रवेश हुनबाट निषेध गरौं । साथै छिमेकी मुलुक भारतमा देखिएको कोरोना भाइरसको प्रकोपको कारणले गर्दा भारतसँग हाम्रो वैवाहिक, वैचारिक तथा भाइ भारदारको सम्बन्ध रहेकोले अहिले कुनै पनि उत्सव पर्व, वर्त बन्धनहरुमा भारतबाट पाहुनाहरुलाई नेपालमा नबोलाउन आग्रह समेत सर्वसाधारणहरुमा गर्नुपर्छ ।

## प्रहरीद्वारा आधादर्जन भन्दा बढी मदिरा भट्टी नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

सप्तरी प्रहरीले घरेलु मदिरा उत्पादन र बिक्रीमा कडाई गर्दै ७ वटा घरेलु मदिरा उत्पादन गर्ने भट्टी नष्ट गरेको छ ।

प्रहरीले पूर्व पश्चिम राजमार्गमा गर्ने रुपनी गाउँपालिकाको विभिन्न स्थानका ७ वटा भट्टी नष्ट गरेको हो ।

सो गाउँपालिकाको वडा ३ र ६ मा विभिन्न पसल र घरबाट ४ सय लिटर कच्चा पदार्थ र १ सय १५ लिटर तयारी मदिरा बरामद गरी स्थानिय भरभलादमीको रोहबरमा नष्ट गरिएको प्रहरीले जनाएको छ ।

यस्तै प्रहरीले घरेलु मदिरा बनाउने उपकरण र भाडा कुडा समेत नियन्त्रणमा लिई नष्ट गरेको छ । यस अघि प्रहरीले राजविराज कारागार आसपासको घर र पसलबाट ठूलो परिमाणमा कच्चा पदार्थ, तयारी मदिरा र भाडाकुडा नियन्त्रणमा लिई नष्ट गरेको थियो ।

## सवारीसाधनमा टाइम कार्ड लागु



**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

सप्तरी ट्राफिक प्रहरीले सडक सुरक्षा सचेतना अभियान अन्तर्गत सवारी दुर्घटना न्युनिकरण तथा प्रभावकारी ट्राफिक व्यवस्थापनको लागी शुक्रबारदेखी सार्वजनिक सवारी साधनहरुमा टाइम कार्ड लागु गरेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय शम्भुनाथद्वारा अस्थायी ट्राफिक प्रहरी पोष्ट भारदह सप्तरीमा सो सडक सुरक्षा सचेतना अभियान अन्तर्गत सार्वजनिक सवारीमा टाइम कार्ड दिएर शुभारम्भ गरेको हो ।

त्यस्तै सार्वजनिक सवारी साधनहरुमा टाइम कार्डका साथै, चालकको ड्रेस कोड र यात्रुवाहक सवारीमा डसविन राख्ने तथा लागु गर्ने गरी शुभारम्भ गरिएको जिल्ला ट्राफिक कार्यालय शम्भुनाथले जनाएकोछ ।

# इटालीमा मृत्यु हुनेको संख्या चीनभन्दा बढी, क्यालिफोर्नियामा "लकडाउन"

पेरिस, ७ चैत (रासस/एएफपी)।

युरोपेली मुलुक इटालीमा कोरोनाभाइरस संक्रमणका कारण मृत्यु हुनेको संख्या बिहीबार तीन हजार नाघेको छ।

यो सङ्ख्या चीनमा मृत्यु भएका व्यक्तिभन्दा बढी हो। अमेरिकी राज्य क्यालिफोर्नियामा तीन करोड ९० लाख भन्दा बढी मानिसलाई घरभित्रै बस्न आदेश दिइएको छ। अमेरिकामा यति कठोर कदम चाल्ने क्यालिफोर्निया पहिलो राज्य हो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्तराज्य अमेरिकाले कोरोना सङ्क्रमित व्यक्तिको उपचारका लागि औलोका बिरामीलाई दिइने औषधिको प्रयोग गर्न पहिलो पटक अनुमति दिइएको बताउनु भएको छ।

चीनले शुक्रबार लगातार दोस्रो दिन कोरोनाका सङ्क्रमित व्यक्ति उपचारका लागि स्वास्थ्य केन्द्रमा नआएको जनाएको छ। गत डिसेम्बरको मध्यबाट उहानमा यो भाइरस देखापरेको थियो। चीनमा आशाको किरण देखापर्दा थुप्रै देशले आफ्नो सीमाना कडा पारेका छन्। लाखौं मानिसलाई घरभित्रै बस्न बाध्य बनाइएको छ

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले समयमै भाइरस फैलिनबाट नरोकिए लाखौं मानिस मर्ने चेतावनी दिनुभएको छ। विश्वका नेताले विश्व अर्थतन्त्रलाई अगाडि बढाउन करिब एक ट्रिलियन डलरको राहत योजना सार्वजनिक गरिसकेका छन्।

इटालीले बिहीबार थप ४२७ जनाको मृत्यु भएको घोषणा गरेको छ र योसँगै इटालीमा मृत्यु भएका व्यक्तिको सङ्ख्या तीन हजार ४०५ पुगेको आधिकारिक स्रोतले जनाएका छन्। आधिकारिक स्रोतका अनुसार भाइरसका कारण चीनमा तीन हजार २४५ जनाको मृत्यु भएको छ।

यो रोगले खासगरी बुढेसकालका व्यक्तिमा श्वासप्रश्वासको समस्या निम्त्याउने गरेको चिनियाँ चिकित्सकले बताएका छन्।

फ्रान्समा पछिल्लो २४ घण्टामा थप १०८ जनाको मृत्यु भएको छ र यो सहित फ्रान्समा मृत्यु हुनेको सङ्ख्या ३७२ पुगेको छ।

एएफपीको तथ्याङ्कअनुसार विश्वव्यापीरूपमा भाइरसबाट मर्नेको सङ्ख्या बढेर १० हजार नाघेको छ भने दुई लाख ३२ हजार ६५० जना बिरामी परेका छन्।

संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसले बिहीबार भन्नुभएको छ, "यदि हामीले भाइरसलाई आगोभैं फैलिन दिने हो भने यसबाट खासगरी पहिल्यै स्वास्थ्य जोखिममा रहेका मुलुकका दशौं लाख मानिसको मृत्यु हुनेछ।"

चीनमा भन्दा अहिले विश्वका अन्य मुलुकमा मृत्यु हुनेको र सङ्क्रमित व्यक्तिको सङ्ख्या बढी भइसकेको छ। चीनले गत जनवरी महिनादेखि अपनाएको कडा उपायका कारण भाइरसको उद्गमस्थल उहानसहित चीनभर नै भाइरसलाई परास्त गरेको देखिन्छ।

कोरोना संकटप्रति पर्याप्त चासो नदिएको भन्दै आलोचना खेपिरहनु भएका अमेरिकी राष्ट्रपति ट्रम्पले चीनले प्रकोपका बारेमा पर्याप्त पारदर्शिता देखाउन नसक्दा त्यसको असर विश्वले भोग्नु परेको बिहीबार आरोप लगाउनु भएको छ। "यसलाई चीनको एउटा क्षेत्रमा समेट्न सकिन्थ्यो जहाँ यो सुरु भयो। निश्चय पनि उनीहरूले गरेको बेवास्ताका लागि विश्वले ठूलो मूल्य तिर्दैछ।"

ट्रम्पले अमेरिकी अधिकारीले कोरोनाभाइरसको उपचारका रूपमा प्रयोग गर्न एन्टिमेलेरियल क्लोरोक्वाइन र हाइड्रोक्सीक्लोरोक्विन जतिसक्दो छिटो उपलब्ध गराउन आदेश दिइएको बताउनुभयो। यी औषधि शताब्दियौंदेखि औलोको उपचारका लागि प्रयोग भइरहेको छ।

इटालीमा मृतकको सङ्ख्या बढेसँगै प्रधानमन्त्री ज्युसेप कोन्टेले युरोपका अन्य मुलुकमा अपनाइए भैं राष्ट्रिय तालाबन्दी आगामी अप्रिल ३ सम्म लम्ब्याइएको बताउनु भएको छ।

फ्रान्समा पनि राष्ट्रपति इमानुएल म्याँक्रोले दुई हप्ताको तालाबन्दी विस्तार थप गरिने बताउनु भएको छ। अर्जेन्टिनामा राष्ट्रपति अल्बर्टो फनान्डिजले शुक्रबारदेखि आगामी मार्च ३१ सम्म कोरोना सङ्क्रमण फैलिन नदिन अनिवार्य तालाबन्दीको घोषणा गर्नु भएको छ। ब्राजिलको रियो दि जेनेरियो राज्यले पनि आफ्ना राज्यमा रहेका पर्यटकीय प्रसिद्ध समुद्री किनारा, रेस्टुराँ र बार १५ दिनका लागि बन्द गर्ने घोषणा गरेको छ।

अमेरिकाको क्यालिफोर्निया राज्यका गभर्नर ग्याविन न्युसमले "हाम्रो अन्तरनिर्भरताको मान्यता"का आधारमा राज्यको तालाबन्दी बिहीबार साँझबाट सुरु हुने बताउनु भएको छ।

बेलायतमा प्रधानमन्त्री बोरिस जोनसनले मानिसहरुले सामाजिक सम्पर्कबाट केही समय टाढा रहेको खण्डमा यो महामारी १२ हप्ताभित्रै समाप्त हुने बताउनु भएको छ।

यो रोगले बरिष्ट व्यक्तित्वलाई पनि छोएको छ। युरोपेली ब्रेक्सिट वार्ताकार मिशेल बार्नियर, मोनाकोका राजकुमार अल्बर्ट द्वितीय र संयुक्तराज्य अमेरिकामा कम्तिमा आधा दर्जन एनबीए खेलाडीमा कोरोना सङ्क्रमण देखिएको छ।

महामारीकै कारण जी-७ को शिखर सम्मेलन स्थगित भएको छ। यो सम्मेलन यसपटक राष्ट्रपति ट्रम्पद्वारा वासिङ्टन डिसीको नजिक क्याम्प डेभिडमा आयोजना गर्न लागिएको थियो। विश्वका सात धनी मुलुकको यो सम्मेलन अब भिडियो कन्फरेन्सबाट गर्ने तयारी हुँदैछ।

**आपतकालीन सहयोग घोषणा**

महामारीसँगै सेयर बजारमा छाएको मन्दीबाट सिर्जित समस्या सुल्झाउन नीति निर्माताले यस हप्ता विभिन्न उपायमाथि विचारविमर्श थालेका छन्। युरोपेली केन्द्रीय बैंकले ७५० अर्ब यरोको बन्ड खरिद गर्ने योजना अघि सारेको छ।

संयुक्त राज्य अमेरिकामा अर्थमन्त्री स्टिभन मन्चिनले काङ्ग्रेस समक्ष एक ट्रिलियन डलरको आपतकालीन प्रोत्साहन प्याकेज पारित गर्न आग्रह गर्नु भएको छ। विश्वको सेयर बजार निरन्तर ओरालो लागेको छ।

अफ्रिकाका बिभिन्न मुलुकमा कोरोनाभाइरसका बिरामी देखिएसँगै स्कुल बन्द गरिएका छन् भने सीमा क्षेत्रमा मानिसको आवातजावतलाई थप कडा पारिएको छ।

रसियामा पनि पहिलोपटक एक व्यक्तिको कोरोना सङ्क्रमणबाट मृत्यु भएको छ। अष्ट्रेलिया र न्यूजीलाण्डले गैर-बासिन्दाको आगमनमा प्रतिबन्ध लगाएको छ भने दुबै मुलुकले संक्रमण नियन्त्रणमा अझ कडा कदम चालेका छन्।

यसैबीच, बिहीबार ग्रीसले ओलम्पिक ज्वाला टोकियो २०२०का आयोजकलाई हस्तान्तरण गरेको छ जबकि इङलिस प्रिमियर लिग फुटबलका खेल कम्तिमा आगामी अप्रिल ३० सम्म नगर्ने घोषणा गरिएको छ।

## कोरोनाबाट विश्वभरीमा दश हजार ४९ को मृत्यु

जेनेभा, ७ चैत (रासस/एएफपी)।

विश्वभरी महामारीका रुपमा फैलिँदै गएको कोरोना भाइरसको सङ्क्रमणको कारण शुक्रबारसम्म दश हजार ४९ व्यक्तिको मृत्यु भएको छ।

विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको विवरणअनुसार संसारभरी दुई लाख ४६ हजार १७८ जना कोरोना भाइरस सङ्क्रमित भएका छन्।

सङ्क्रमित व्यक्तिमा ८८ हजार ४८३ जना उपचारपछि घर फर्किएका छन्। एक लाख ४७ हजार ६४६ व्यक्ति हाल सङ्क्रमित रहेका छन्। कोरोना भाइरस कोभिड-१९ को सङ्क्रमण हालसम्म १७६ भन्दा बढी देशमा देखा परीसकेको छ।

चीनको हुबेई प्रान्तको उहान शहरबाट सुरु भएको कोभिड-१९लाई विश्व स्वास्थ्य सङ्गठनले 'विश्वव्यापी महामारी'को सङ्ज्ञा दिएको छ।

चीनको हुबेई प्रान्तको उहानबाट शुरु भएको यस कोरोना भाइरस सङ्क्रमणबाट चीनभरी तीन हजार २४८ व्यक्तिको मृत्यु भएको छ भने, ८० हजार ८६७ जना सङ्क्रमित रहेका छन्।

हाल कोरोना भाइरसको कारण अत्यन्त प्रभावित भएको इटालीमा यस रोगको सङ्क्रमणको कारण तीन हजार ४०५ व्यक्तिको मृत्यु भएको छ। हाल ४१ हजार ३५ जना सङ्क्रमित रहेका छन्। शुक्रबार प्राप्त एक समाचारका अनुसार चार हजार ४४० व्यक्ति उपचारपछि घर फर्किएका छन्।

इरानमा कोरोना भाइरसको सङ्क्रमणको कारण एक हजार २४८ व्यक्तिको मृत्यु भएको छ। हाल १८ हजार ४०७ जना सङ्क्रमित रहेका छन्। पाँच हजार ९७९ व्यक्ति उपचारपछि घर फर्किएका बताइएको छ।

स्पेनमा कोरोना भाइरसको सङ्क्रमणको कारण ८३१ व्यक्तिको मृत्यु भएको छ। हाल १८ हजार ७७ जना सङ्क्रमित रहेका छन्। शुक्रबार प्राप्त एक समाचारका अनुसार एक हजार १०७ व्यक्ति उपचारपछि निको भएर घर फर्किएका छन्।

जर्मनी कोरोना भाइरसको सङ्क्रमणको कारण ४४ व्यक्तिको मृत्यु भएको छ। हाल १५ हजार ३२० जना सङ्क्रमित रहेका छन्। शुक्रबार प्राप्त एक समाचारका अनुसार ११५ उपचारपछि निको भएर घर फर्किएका छन्।

संयुक्त राज्य अमेरिकामा कोरोना भाइरस सङ्क्रमणको कारण २१७ व्यक्तिको मृत्यु भएको छ। हाल १४ हजार ३६५ जना सङ्क्रमित रहेका छन्। शुक्रबार प्राप्त एक समाचारका अनुसार १२५ उपचारपछि निको भएर घर फर्किएका छन्।

फ्रान्समा कोरोना भाइरस सङ्क्रमणको कारण ३७२ व्यक्तिको मृत्यु भएको छ। हाल १० हजार ९९५ जना सङ्क्रमित रहेका छन्। शुक्रबार प्राप्त एक समाचारका अनुसार एक हजार २९५ उपचारपछि निको भएर घर फर्किएका छन्।

दक्षिण कोरियामा कोरोना भाइरस सङ्क्रमणको कारण ९४ व्यक्तिको मृत्यु भएको छ। आठ हजार ६५२ सङ्क्रमित भएका छन्। शुक्रबार प्राप्त एक समाचारका अनुसार दुई हजार २३३ उपचारपछि निको भएर घर फर्किएका छन्।

स्विजरल्याण्डमा कोरोना भाइरस सङ्क्रमणको कारण ४३ व्यक्तिको मृत्यु भएको छ। चार हजार २२२ सङ्क्रमित भएका छन्। यसैबीच १५ जना भने उपचारपछि घर फर्किएका छन्।

बेलायतमा कोरोना भाइरस सङ्क्रमणको कारण १४४ व्यक्तिको मृत्यु भएको छ। तीन हजार २६९ सङ्क्रमित भएका छन्। यसैबीच ६५ जना भने उपचारपछि निको भएर घर फर्किएका छन्।

भारतमा हालसम्म कम्तीमा २०१ वटा कोरोनाभाइरस सङ्क्रमणका घटना देखापरेका छन्। देशभर सयौंको सङ्ख्यामा मानिसलाई 'सेल्फ आइसोलेशन' वा 'क्वारन्टाइन' केन्द्रमा राखिएको छ। शुक्रबारसम्म कोरोना भाइरस सङ्क्रमणका कारण पाँच व्यक्तिको मृत्यु भएको छ।

देशभर विद्यालय र कलेज बन्द गरिएका छन् र धेरै राज्यले भीडभाडमा प्रतिबन्ध लगाएका छन् तर विज्ञले कोरोनाभाइरस फैलन नदिन भारतले अझ धेरै कदम चाल्नुपर्ने बताइरहेका छन्।

पाकिस्तानमा कोरोनाभाइरस सङ्क्रमितको सङ्ख्या ३०७ पुगेको छ र त्यहाँ सङ्क्रमणबाट दुई जनाको ज्यान गइसकेको छ।

श्रीलङ्कामा ६०, अफगानिस्तानमा २२, बङ्गलादेशमा १४ र माल्दिभ्समा १३ वटा सङ्क्रमण हालसम्म देखापरेको छ।


## बोन्ड पेपर हराएको सूचना

जलेश्वरदेखी जनकपुरजाँदै गरेको अवस्थामा २०७६ साल फागुन १ गते मेरो निम्न ब्यहोराको बोन्ड पेपर हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला।

**नाम : नथुनी अन्सारी**
**ठेगाना : हलखोरी ४, महोत्तरी**
**बी.ले.नं. : १७०००७४९४**


## विश्व समाचार

### निर्भया हत्यामा संलग्न चारै जना दोषीलाई मृत्युदण्ड

नयाँदिल्ली, ७ चैत (रासस/एएनआई)।

सन् २०१२ मा भएको निर्भया हत्याकाण्डका दोषी चारै जनालाई दिल्लीस्थित तिहाड जेलमा शुक्रबार बिहान झुण्ड्याएर मृत्युदण्ड दिइएको छ। विगत अढाई महिनादेखि ती चारै जनालाई दिइने फाँसीका बारेमा रहेको अन्यौल पनि मृत्युदण्डसँगै समाप्त भएको छ।

अभियुक्तले सन् २०१२मा एक महिलालाई नयाँदिल्लीको सार्वजनिक बसमा साँझ सामूहिक बलात्कार गरी सडक किनारामा फालिदिएका थिए। हत्याका अभियुक्त सबैलाई मृत्युदण्ड दिइनु पर्ने भन्दै नयाँदिल्ली सहित भारतका विभिन्न स्थानमा धर्ना र प्रदर्शन भएका थिए।

अभियुक्ततर्फका वकील एपी सिंहले अन्तिम सुनुवाइका लागि गरेको आग्रहलाई खारेज गर्दै सर्वोच्च अदालतको बिहीबार अबेर राति बसेको तीन सदस्यीय इजलासले थप सुनुवाई नगर्ने फैसला गरेको थियो।

पीडितका अभिभावक, आमा आशादेवी र बुबा बद्रीनाथ सिंहले अभियुक्तलाई मृत्युदण्ड दिइएकोप्रति खुशी व्यक्त गर्नुभयो। उहाँहरुले आफ्नी छोरीले आठ वर्षपछि बल्ल न्याय पाएको बताउनुभएको छ।

दिल्लीको एक अदालतले गत मार्च ५ तारिखमा चारै जना अपराधीहरु अक्षय ठाकुर, विनय शर्मा, पवन गुप्ता र मुकेश सिंहलाई तिहाड जेलमा फाँसीको सजाय दिन आदेश दिएको थियो।

यसअघि अभियुक्त अक्षय ठाकुरले आफूलाई माफी दिनुपर्ने भन्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए तर सर्वोच्च अदालतले उनको निवेदनलाई अस्वीकार गरेको थियो। साथै, तल्लो अदालतले पनि फाँसीको सजायलाई बिलम्ब गर्न अस्वीकार गर्दै तोकिएकै मितिमा सजाय दिन आदेश दिएको थियो। त्यसपछि उनीहरुका तर्फबाट बिहीबार साँझ दिल्ली उच्च अदालतमा निवेदन दिइएको थियो। उच्च अदालतले पनि निवेदनमाथि केही गर्न नसक्ने फैसला सुनाएको थियो।

अन्ततः, अभियुक्तका वकील सर्वोच्च अदालत पुगेर मुद्दामाथि तत्काल सुनुवाई गर्न अनुरोध गरे तर बिहीबार मध्यराति अर्थात् शुक्रबार बिहान २.३० बजे बसेको सर्वोच्च अदालतको तीन सदस्यीय इजलासले उक्त निवेदनलाई खारेज गरिदिएपछि फाँसीको सजाय दिन बाटो खुलेको थियो।

सर्वोच्च अदालतमा करिब आधा घण्टा सुनुवाई भएको थियो। न्यायाधीश आर बानुमथी, अशोक भुषण र जेएएस बोपानाले अभियुक्तका तर्फबाट दिइएको निवेदन अस्वीकार गर्नुभएको थियो। इजलासले अभियुक्तका वकीलले दिएको निवेदनमा विगतमा विभिन्न अदालत समक्ष प्रस्तुत गरेका उही पुरानै कुरा दोहोरिएको र राष्ट्रपतिबाट माफी पाउनुपर्ने उचित कारण प्रस्तुत हुन नसकेको ठहर गरेको थियो।

यी चारै जनाले २३ वर्षीया एक विद्यार्थीलाई डिसेम्बर १६, २०१२ मा दक्षिणी दिल्लीमा गुडिरहेको सार्वजनिक बसमा सामूहिक बलात्कार गरी निर्ममतापूर्वक कुटपिट गरेका थिए। शुरुमा दिल्लीस्थित सफदरजङ अस्पतालमा उपचार गरिए पनि अन्तिममा सिंगापुरस्थित एक अस्पतालमा उपचारकै क्रममा ती विद्यार्थीको निधन भएको थियो।

### भारतको मध्यप्रदेशमा राजनीतिक संकट, मुख्यमन्त्रीले दिए राजीनामा

भोपाल, ७ चैत (रासस/एएनआई)।

भारतको मध्यप्रदेश राज्यका मुख्यमन्त्री कमलनाथले शुक्रबार आफ्नो पदबाट राजीनामा दिनु भएको छ। सत्तारुढ भारतीय राष्ट्रिय काङ्ग्रेसका २२ जना सांसदले पार्टीबाट राजीनामा दिएसँगै मध्यप्रदेश विधानसभामा काङ्ग्रेसले बहुमत गुमाएको थियो।

भोपालमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री कमलनाथले आफूले राज्यका गभर्नर समक्ष राजीनामा बुझाएको जानकारी दिनुभयो। बिहीबार भारतीय सर्वोच्च अदालतले शुक्रबार संसदमा विश्वासको मत लिन मुख्यमन्त्री कमलनाथ सरकारलाई आदेश दिएको थियो।

काङ्ग्रेसका युवानेता ज्योतिरानन्द सिंधिया भारतीय जनता पार्टीमा प्रवेश गरेसँगै २२ जना काङ्ग्रेसका सांसदले पार्टी छाडेर भाजपा प्रवेश गरेको घोषणा गरेका थिए।

यसैबीच विधानसभाका सभामुख एनपी प्रजापतीले १६ जना सांसदले बुझाएको राजीनामा स्वीकार गर्नु भएको छ। साथै उहाँले भाजपाका एक सांसदको पनि राजीनामा स्वीकृत गर्नु भएको छ। यसअघि नै अरु छ जना काङ्ग्रेस आबद्ध सांसदले दिएको राजीनामा पनि सभामुखले स्वीकृत गरिसक्नु भएको थियो।

# उपाध्यक्षका श्रीमानद्वारा कर्मचारीलाई हातखुट्टा काट्ने धम्की, बिरोधमा कार्यालय बन्द

**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**



सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका उपाध्यक्ष सुचिता कुमारी यादवका श्रीमानले निमित्त प्रशासकीय अधिकृत र सहलेखापाललाई गालीगलौजका साथै हातखुट्टा काट्ने धम्की दिएको बिरोधमा शुक्रबार गाउँपालिकाका सबै वडा कार्यालय र मातहतका कार्यालयहरु बन्द गरिएको छ ।

स्थानीयतह कर्मचारी तदर्थ समितिका अध्यक्ष रामप्रसाद सिंहद्वारा शुक्रबार जारि विज्ञप्तिमा गाउँपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजुकुमार झा र सहलेखापाल लिलाराज श्रेष्ठलाई गाउँपालिका उपाध्यक्षका श्रीमान् शिवनाथ यादवले चेत ६ गते बिहीबार कार्यालयमा प्रवेश गरि गालीगलौजका साथै हातखुट्टा काट्ने धम्कीको बिरोधमा सो बन्द गरिएको जनाइएको छ ।

जारि विज्ञप्तिमा शिवनाथले यस अघि पनि पटक पटक कर्मचारीहरुसँग दुर्व्यवहार गर्दै आएका च्त्स्जनाइएको छ ।

साथै विज्ञप्तिमा दुर्व्यवहार गर्ने उपाध्यक्षका श्रीमान शिवनाथले चैत ९ गते जनप्रतिनिधि तथा कर्मचारीहरुका बीच कर्मचारी माथि आफूले गरेको दुर्व्यवहारप्रति क्षमायाचना गरे र आगामी दिनमा कर्मचारीमाथि यस्ता दुर्व्यवहार नगर्ने लिखित प्रतिबद्धता जनाएमा एक पटकका लागि माफि दिने निर्णय समेत गरिएको उल्लेख छ ।

त्यस्तै दुर्व्यवहार गर्ने उपाध्यक्षका श्रीमान शिवनाथले जनप्रतिनिधि र कर्मचारीहरुकाबीच ९ गते क्षमायाचना नगरे गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुको तालाबन्दी यथावत राखी कानुनी कारबाहीको लागि अगाडि बढ्ने निर्णय समेत गरिएको उल्लेख छ ।

गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंह, वडा नं. १ का अध्यक्ष दिनेश्वर मिश्र, २ नं. वडाका अध्यक्ष खगेन्द्र मण्डल र ७ नं. वडाका अध्यक्ष गुलावप्रसाद सिंह, कार्यपालिका सदस्य उमेश राय तथा कर्मचारीहरुको बृहत बैठकले सो निर्णयहरु गरिएको जनाइएको छ ।

# छिन्नमस्ता मन्दिरमा हेल्थ डेस्कका साथै स्वास्थ्य सम्बन्धी सतर्कत अपनाइयो




**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

सप्तरीको छिन्नमस्ता भगवती मन्दिर परिसरमा शुक्रबारदेखि हेल्थ डेस्क स्थापनाका साथै विशेष सतर्कता अपनाईएको छ ।

कोरोना भाइरसको त्रास रहेको अवस्थामा दैनिक पुजा गर्न आउने हजारौं श्रद्धालु भक्तजनको शक्तिपीठमा स्वास्थ्य परीक्षण तथा साबुन पानीले हात धुन अनिवार्य गरिएको छ ।

नेपाल-भारतको विभिन्न स्थानहरुबाट श्रद्धालु भक्तजन आउने गरेकोले कोरोना भाइरसबाट जोगिन विशेष सतर्कता अपनाईएको पीठाधीश महाकान्त ठाकुरले जानकारी दिएका छन् ।

श्रद्धालुहरुलाई लक्षित गरी स्वास्थ्य चौकी सखडाद्वारा हेल्थ डेस्क स्थापना गरिएको छ भने हेल्थ डेस्कमा भक्तजनको रेकर्ड राख्नुका साथै खोकी, ज्वरो, घाँटी दुख्ने समस्या भए नभएकोबारेमा सोधपुछ गर्ने, शरिरको तापक्रम नाप्ने तथा कोरोना भाइरसको जोखिमबाट जोगिने उपायबारे जानकारी दिने गरिएको छ ।

त्यस्तै पूजाआजामा संलग्न पूजारीहरुलाई समेत अनिवार्य मास्क लगाउन तथा आवश्यक सतर्कता अपनाउन आवश्यक तयारी गरिएको छ ।

यता स्वास्थ्य चौकी सखडाका ईन्चार्ज अजय कुमार झाको नेतृत्वमा तीन जना स्वास्थकर्मी परिचालन गरिएको छ । हेल्थ डेस्कमा पहिलो दिनमै हेल्थ डेस्कमा सात सय पाँच भक्तजनको स्वास्थ्य परीक्षण गरिएको छ ।

# चैत २१ गतेसम्म अदालत बन्द रहने

काठमाडौं, ७ चैत (रासस) ।

सर्वोच्च अदालतमा शुक्रबार बसेको पूर्ण बैठकले यही चैत २१ गतेसम्म सम्पूर्ण अदालत बन्द गर्ने निर्णय गरेको छ ।

प्रधानन्यायाधीशसहित न्यायाधीशको शुक्रबार बसेको बैठकले दुई हप्ता बन्दीप्रत्यक्षीकरणको मुद्दाबाहेक अरु सबैको सुनुवाइ नहुने गरी सर्वोच्च अदालतसहित सबै अदालत बन्द गरिने निर्णय गरेको अदालतका सूचना अधिकारी देवेन्द्र ढकालले जानकारी दिनुभयो ।

***कोरोनाको ...***

चामल, दाल, नुन, चिनी र पिठो खरिद गरी भण्डारण गर्ने प्रवृति बढेको हेमनारायण साहले बताए ।

यता ईन्धनको अभाव हुने हल्लाले पेट्रोल पम्पहरुमा पनि विहानैदेखि भिड लाग्ने गरेको छ । कोरोना भाईरसको त्रासका कारण आपुर्ति रोकिने भ्रामक हल्लाका कारण अधिकांश सवारी धनीले ईन्धन भण्डारण गर्न थालिएको छ ।

भ्रामक हल्लाका कारण पनि कालो बजारी र कृत्रिम अभाव सृजना भएको भन्दै हल्ला पछि नलाग्न र बजारलाई व्यवस्थित गर्न पहल गरिरहेको सगरमाथा पेट्रोलियम एशोसिएशनका हरेकृष्ण प्रसाद सिंहले बताए ।

यता प्रहरीले कालो बजारी र कृत्रिम अभाव सृजना गर्ने सम्बन्धित पसले र व्यक्तिलाई कारवाही गर्ने भन्दै त्यस्तो कार्यमा संलग्न व्यक्तिबारे तत्काल जानकारी गराउन सर्वसाधारण सँग एक सूचना मार्फत आग्रह गरेको छ ।

**बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ .व.२०७७ मा 78/१००(एक सय (दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचीत गरिन्छ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*